नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाण्डौं

(प्रशासन तथा प्रेस शाखा)

फोनः ४११२५५४
४११२७१७
फ्याक्सः ४११२६५२
ईमेल:pressdoi8@gmail.com

प.सं.: २०७७/०७८
च.नं.: ८०

मितिः२०७७।०४।२७

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सूचना तथा प्रसारण विभाग २०७५

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

विषयः <u>विज्ञापनको नमूना पठाइएको सम्बन्धमा</u> ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपित्रकाहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा प्रेस काउन्सिल नेपालको प.सं. ०७७/७८, च.नं. १२३, मिति २०७७।०४।२३ को पत्रानुसार सञ्चारमाध्यमबाट सार्वजनिक गर्दा अपनाउनुपर्ने आचरण पत्रकार आचारसंहिता, घटनाको संवेदनशिलता, गोपनियता, र गाम्भिर्यतालाई मध्यनजर गर्दै चेतना मूलक सन्देशहरु प्रचार प्रसार गर्न अनुरोध भई आएको हुँदा देहायको सूचना प्रचार/प्रसारको लागि सम्पूर्ण वर्गिकृत पत्रपत्रिकारुले तुरुन्त प्रकाशन गर्ने व्यवस्था गर्नु हुन मिति २०७७।०४।२७ को निर्णय अनुसार अनुरोध छ।

केशव राज शर्मा
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम काठमाडौं ।
श्री सातै प्रदेश मुकाममा रहेका हुलाक सेवा निर्देशनालय/कार्यालयहरु ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**घटनासँग असम्बन्धित व्यक्ति/संस्थाको नाम उल्लेख नगरौं ।।**

- पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामग्री प्रस्तुत गर्नु हुँदैन ।

- यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मुल्याङ्कन बिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य उत्पादन, वितरण वा प्रकाशन/प्रसारण गर्नु हँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

१

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**
**बिभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण नगरौं ।**

- पत्रकार तथा सञ्चारमाध्यमले समाजमा हिंसा, निराशा, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका समाचार, श्रब्यदृश्य सामग्री प्रकाशन/प्रसारण गुर्न हुँदैन ।

- पत्रकार तथा सञ्चारमाध्यमले हत्या, आत्महत्या, बलात्कार, दुर्घटना जस्ता कारणबाट सिर्जीत नग्न, क्षतविक्षत र बिभत्स दृश्य एवं तस्बिरहरु सम्प्रेषण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

२

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।**

**मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर नपर्नेगरी समाचार सम्प्रेषण गरौं ।।**

- पत्रकार तथा सञ्चारमाध्यमले अशक्त, असहाय, अल्पसङ्ख्यक, महिला तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति बारेमा समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरूको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन हुँदैन ।

- पत्रकार तथा सञ्चारमाध्यमले बालबालिका सम्बन्धी सामग्री सङ्कलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशीलता प्रतिकूल हुने गरी कार्यहरु गर्नुहुँदैन ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**